जि.प्र.का. सप्तरी द.नं. २१/०४८/०४९
# राजविराज दैनिक
स.जि.हु.का.द.नं. ५/०६४/०६५

वर्ष ३१ अंक १४३ २०७८ साल पुस १९ गते सोमबार (3 Jan. 2022 Monday) मूल्य रु. ५/-

**Log on : *rajbirajdainik.com.np***

यौन दुराचारी जहाँ पनि हुन सक्छन्
त्यस्ता दुराचारीबाट सजग र सचेत रहौं,
आफू पनि बचौं र अरुलाई पनि बचाऔं ।

नेपाल सरकार
विज्ञापन बोर्ड

*यस अंक भित्र :* २ पृष्ठमा : नागरिकता नै बन्धकीमा... ३ पृष्ठमा : पुस मसान्तभित्र सबै ... ३ पृष्ठमा अफगानिस्तानमा २००५ पछि सबैभन्दा ...

## राजविराज नगरपालिकाद्वारा कृषि विश्वविद्यालयका लागि जग्गा दिने निर्णय



प्रस्तावहरुः

प्रस्ताव नं. १ :- अघिल्लो कार्यपालिका बैठकमा गरिएको निर्णय बारे समिक्षा ।

प्रस्ताव नं. २ :- प्रदेश कृषि विश्वविद्यालय राजविराज सप्तरी लाई जग्गा उपलब्ध गराउने सम्बन्धमा ।

निर्णयहरुः

निर्णय नं. १:- प्रस्ताव नं. १ माथि छलफल गर्दा अघिल्लो बैठकमा गरिएको निर्णयहरु माथि बैठकमा छलफल तथा विचार विमर्श गर्दा उक्त बैठकमा गरेको निर्णयहरुमा सर्वसहमत गरियो ।

निर्णय नं. २:- प्रस्ताव नं. २ माथि छलफल गर्दा माथि छलफल गर्दा साविक जिल्ला सप्तरी गा.बिस. विषहरिया ५ ख (हाल राजविराज न.पा. १३) नेपाल सरकार को नाउको न.पा अधिन्सत रेखदेख नियन्त्रण संरक्षणमा रहेको जग्गा किता नं. १ को क्षेत्रफल २९-२-१८ मध्येबाट २६-८-१८ (छबिस विघा आठ कठ्ठा अठारह धुर) जग्गा प्रदेश कृषि विश्व विद्यालय राजविराज सप्तरीलाई ३० बर्ष को लागि लिजमा (भाडामा) दिने निर्णय सर्वसम्मतिले गरियो ।साथै उक्त निर्णयलाई नेपाल सरकारबाट स्वीकृति गराउने निर्णय गरियो ।

**दैनिक समाचारदाता**
**राजविराज, १८ पुस ।**

राजविराजमा स्थापना भएको प्रदेश २ कृषि विश्वविद्यालयका लागि जग्गाको टुङ्गो लागेको छ।

राजविराज नगरपालिकाको आइतबार बसेको कार्यपालिकाको बैठकले वडा नं. १३ विषहरियामा कृषि विश्वविद्यालयका लागि छबिस विगहा ८ कठ्ठा १८ धुर जग्गा दिने निर्णय गरेको हो ।

साविकको विषहरिया गाविस ५ ख हाल राजविराज नगरपालिका वडा नं. १३ मा नेपाल सरकारको नाउँको नगरपालिका अधिन्सत रेखदेख नियन्त्रण संरक्षणमा रहेको कित्ता नं. १ को २९-२-१८ मध्येबाट २६-८-१८ क्षेत्रफलको जग्गा कृषि विश्वविद्यालयका लागि ३० वर्षका लागि भाडामा दिने निर्णय गरेको हो ।

राजविराज नगरपालिकाका प्रमुख शम्भु प्रसाद यादवले कृषि विश्वविद्यालयका लागि उक्त जग्गा कार्यपालिकाको बैठकले निर्णय गरि आवश्यक सिफारिसका लागि जिल्ला प्रशासन कार्यालय सप्तरीसहित मालपोत कार्यालय र नापी कार्यालयसमेतलाई बोधार्थ गरिएको जानकारी दिए ।

प्रदेश २ सरकारले

*बाँकी दुई पृष्ठमा*

## प्रहरीले गोली चलाउँदा जनमतका पाँच कार्यकर्ता घाइते



**दैनिक समाचारदाता**
**धनुषा, १८ पुस ।**

पूर्व-पश्चिम राजमार्गअन्तर्गत धनुषाको गणेशमान चारनाथ नगरपालिकामा सडक अवरुद्ध पारेका जनमत पार्टीका कार्यकर्तामाथि प्रहरीले गोली चलाउँदा पाँच जना घाइते भएका छन् ।

आइतबार बिहानैदेखि सडक जाम गरी बसेका जनमत कार्यकर्तामाथि प्रहरीले रबरको गोली प्रहार गर्दा पाँच जना घाइते भएका हुन् ।

घाइते हुनेहरुमा नथुनी यादव, विजय यादव, रामदयाल मुखिया, बैजनाथ यादव र सन्जय साह छन । उनीहरु सबैको प्रादेशिक अस्पताल जनकपुरधाममा उपचार भइरहेको छ ।

११ राउण्ड रबरको बुलेट र १६ राउण्ड अश्रु ग्यास प्रहार

*बाँकी दुई पृष्ठमा*

सहकारी ऐन २०४८ अन्तर्गत स्थापित
सहकारी बिभाग दर्ता न.१२०।०५।७५८
स्था. २०५७

**जनमुखी बहुउद्देश्यीय सहकारी संस्था लिमिटेड**
**राजविराज–४,सप्तरी**

मितिः २०७८/०९/०९

**सुचना !**

**बिषय :- वार्षिक साधारण सभामा सहभागी हुने वारे ।**

उपरोक्त सम्बन्धमा यस संस्थाको संचालक समितिको निर्णयानुसार संस्थाको २०औं बार्षिक साधारण सभा निम्न उल्लेखित विषयहरु उपर छलफल गर्नका लागी देहायको मिति, समय र स्थानमा बस्ने भएकोले यस संस्थाको सम्पुर्ण शेयर सदस्यहरुलाई उक्त साधारण सभामा अनिवार्य उपस्थिति भईदिनुहुनका लागि अनुरोध छ ।

**साधारण सभामा छलफलका विषयहरु :**

१. संचालक समितिको तर्फ वाट संस्थाका अध्यक्ष ज्यू द्वारा प्रस्तुत प्रतिवेदन सम्बन्धमा ,
२. लेखा समितिको प्रतिवेदन सम्बन्धमा ,
३. आ.व. ०७७/०७८ को लेखापरीक्षण प्रतिवेदन सम्बन्धमा,
४. आ.व. ०७७/०७८ मा संचालक समिति, लेखा समिती तथा ऋण उप समिति द्वारा गरिएको निर्णयहरु को अनुमोदन सम्बन्धमा,
५. आ.व ०७८/०७९ को प्रस्तावित बजेट तथा कार्यकम स्वीकृती गर्ने सम्बन्धमा ,
६. लाभांश वितरण सम्बन्धमा ,
७. आ.व. ०७८/०७९ को लागि लेखा परिक्षकको नियुक्ति तथा निजको पारिश्रमिक निर्धारण गर्ने सम्बन्धमा ,
८. साधारणसभाको निर्णय पुस्तिकामा हस्ताक्षर गर्न प्रतिनिधि छनौट सम्बन्धमा ,
९. संस्थाको विनियम संशोधन,नियमावलीहरु तथा आन्तरिक कार्यविधिहरु सम्बन्धमा ,
१०. कार्यसुचीमा थप भएका प्रस्ताव सम्बन्धमा ।
११. विविध ।

**साधारण सभा बैठकको कार्यकम**

मिति – २०७८/९/२४ गते ( शनिवार )
स्थान– जिल्ला समन्वय समिति सप्तरीको सभा कक्ष
समय– बिहानको ११ बजे

संचालक समितिको आज्ञाले
ब्यबस्थापक

ब्यवस्थापक
ज.व.स.सं.लि.

मास्क लगाउनुहोस्

मैले लगाएको मास्कले तपाईंको सुरक्षा गर्छ



तपाईंले लगाउनुभएको मास्कले मेरो सुरक्षा गर्छ

हामी सबैको साझेदारीले मात्र हामी एक अर्कालाई बचाउन सक्छौं




अनुरोधकर्ता : तिलाठी कोइलाडी गाउँ कार्यपालिकाको कार्यालय सप्तरी

## सम्पादकीय

### चिसो पीडितका लागि ठोस नीति बनाएर अघि बढ्नु आवश्यक

अहिले मुलुकभरि चिसो बढ्ने क्रम जारि छ। चिसो बढेसँगै अतिविपन्न समुदायका मानिसहरु निकै प्रभावित भएका छन्। आर्थिक अभावका कारण चिसोमा न्यानो कपडा लगाउन उनीहरुलाई सकस परिरहेको छ। आर्थिक रुपले असक्षम रहेका उनीहरु चिसोको समयमा जसोतसो दिनरात कटाउन बाध्य छन्। शिक्षाको पहुँचबाट समेत बञ्चित ती समुदाय आफ्नो परिवारको गुजारा मजदुरी गरेर होस् वा अन्य कुनै काम गरेर गरिरहेका छन्। यस्तो अवस्थामा प्रकृतीको नियमअनुसार हरेक वर्ष दुई/तीन महिना चिसो मौसम हुनेगर्दछ। यो समयमा उनीहरु निकै कष्टकर जिवन बिताउन बाध्य हुन्छन्।

चिसोका कारण विगतमा गरिब, असाहय, विपन्न व्यक्तिहरु अकालमै ज्यान समेत गुमाएका छन्। शरीर न्यानो पार्नका लागि स्थानिय सरकार तथा सम्बन्धीत निकायले चिसो बढेको बेला क्षणिक रुपमा केही राहत तथा न्यानो कपडाको व्यवस्था गर्ने गरेको दृश्य देखिन्छन्। तर, एक दिनका लागि गरिएको ती कार्यको कुनै औचित्य रहँदैन्। यसका लागि एउटा दुरगामी दृष्टि बनाएर स्थानिय सरकारले ठोस कदम उठाउन सकेमात्र ती परिवारहरुको कल्याण हुने कुरामा दुईमत नहोला।

तसर्थ कुनै पनि कार्य गर्नका लागि एउटा ठोस नीति र त्यसको कार्यान्वयन पक्ष बलियो बनाएर अघि बढे मात्र परिणाम सकारात्मक हुने हो। यसका लागि तीनै तहका सरकारले सकारात्मक कार्यका लागि ठोस नीति बनाएर अघि बढे मात्र त्यसको औचित्य रहने छ।

# नागरिकता नै बन्धकीमा परेपछि सदा दम्पती समस्यामा

राजु विश्वकर्मा
जनकपुर, १८ पुस (रासस)।

साहूसँग ऋण लिदा बन्धकीमा घर, गरहना, जग्गा जमिन वा अन्य चल अचल सम्पत्ति राखिन्छ तर यहाँ ऋणका लागि साहूकहाँ बन्धकीमा नागरिकताको प्रमाणपत्र नै राखिएको भन्ने सुन्दा धेरैलाई अचम्म लाग्न सक्छ। यस्तै अचम्मको कुरा भएको छ, सप्तरीको डाक्नेश्वरी नगरपालिका-१ कविलासाको एक दलित परिवारमा।

उक्त स्थान निवासी रामविलास सदाले स्थानीय साहू रवि मण्डलसँग रु २० हजार ऋण पाउनका लागि आफ्नो नागरिकता प्रमाणपत्र नै बन्धनकीमा राख्नु परेको छ।

"गत २०७६ चैत महिनामा कोरोना महामारी फैलिन नदिन सरकारले लकडान गरेका बेला सबै काम बन्द भएर गुजारा चलाउन नै मुश्किल भएकाले गाउँले रविसँग ऋण माग्न गएँ", ६० वर्षीय सदाले भन्नुभयो, "तर रविले ऋण पाउन कुनै समान बन्धकी राख्नुपर्छ, नत्र ऋण पाइनन् भनेर फर्कायो।" आफूसँग बन्धकीमा राख्ने कुनै समान नहुँदा साहूकहाँ नागरिकता नै राख्नु परेको सदाको दुखेसो छ।

"मसँग बन्धकीमा राख्न न कुनै जग्गा छ, न त कुनै गरगहना वा चलअचल सम्पत्ति नै", उहाँ भन्नुहुन्छ, "त्यतिकै ऋण दिनुस् म मजदुरी गरेर विस्तारै तिरिदिन्छु भनेर आग्रह गर्दा सुरुमा साहू रविले मान्नु भएन, पछि बन्धकीमा नागरिकता नै राख्नुपर्छ भन्दै नागरिकता लिनुभयो", नागरिकता बन्धकीमा राखेपछि ठूलो समस्यामा परेको सदाको गुनासो छ।

ऋणका लागि नागरिकता बन्धकीमा राखेपछि अहिले सदाकी श्रीमती सावित्रीदेवीलाई नागरिकताको प्रमाणपत्र बनाउन कठिन भएको छ। "पतीको नागरिकता बनाउन पतिको नागरिकता आवश्यक गरिएको छ क्यारे", उहाँले भन्नुभयो, " वडाध्यक्षबाट नागरिकताका लागि सिफारिस गराएर सबै कागजात लिइ पटकपटक बोदे बर्साइनस्थित इलाका प्रशासन कार्यालय पुगेँ तर पतिको नागरिकता नल्याएसम्म नागरिकता बनाउन मिल्दैन भनेर फर्काइदिए।" एकातिर पतिको नागरिकता बन्धकीमा छ अर्कोतिर आफ्नो नागरिकताका लागि पतिको नागरिकता ल्याउनु भन्छ, त्यसैले ठूलो समस्यामा परेको सावित्रीदेवीको गुनासो छ।

ऋण लिएबापत बन्धकीमा राखिएको पतिको नागरिकता माग्न पटकपटक साहूँ रविकहाँ धाए पनि ऋण चुक्ता नगरेसम्म नागरिकता फिर्ता गर्न नमानेकाले अप्ठ्यारोमा परेको उहाँको भनाइ छ।

भारतको पञ्जाबमा मजदुरी गरी हाले फर्किनुभएका आफ्ना पतिले साहू रविलाई रु २० हजारमध्ये रु १५ हजार चुक्ता गरे पनि पुरै ऋण चुक्ता नभएसम्म नागरिकता फिर्ता नदिने साहूले बताउँदै आएका छन्।

"नागरिकता फिर्ताका लागि कि त पूरै ऋण चुक्ता गर कि त मेरो खेतबारीमा मजदुरी गरी ऋण चुक्ता गर भन्दै आएका छन्", सावित्री देवी भन्नुहुन्छ, "एकातिर तत्काल ऋण चुक्ता गर्ने पैसा छैन, अर्कोतिर म आफू बिरामी रहेकाले काम गर्नसक्ने अवस्था छैन्।" त्यसैले अप्ठ्यारोमा छु उहाँको भनाइ छ।

भारतको विभिन्न सहरमा मजदुरीका लागि नेपालबाट कामदार लैजाने र ल्याउने ठेक्कापट्टाको काम गर्दै आएका साहू रविले ऋणबापतको रकम चुक्ताका लागि सावित्री देवीका पति रामविलासलाई पनि भारतको पञ्जाब लगेका थिए।

"मजदुरी गरेर पञ्जाबमै साहू रविलाई रु १५ हजार ऋण तिरिदिएँ", रामविलासले भन्नुभयो, "तर बाँकी रु पाँच हजार र केही ब्याज रकमका लागि रविले नागरिकता फिर्ता दिन चाहिरहनु भएको छैन।" बन्धकीमा रहेको नागरिकता फिर्ता नपाएपछि मैले नागरिकताको प्रतिलिपि बनाउन खोजे पनि आवश्यक प्रमाणको आभावमा त्यो पनि सम्भव नभएको रामविलासको भनाइ छ।

"नागरिकताको प्रतिलिपि बनाउन पहिलाको नागरिकताको नम्बर, र जारी मिति चाहिन्छ", उहाँ भन्नुहुन्छ, "वडाध्यक्ष नजिक नागरिकता प्रतिलिपिको सिफारिस गर्न पहिलाको नागरिकताको फोटोकपी वा नागरिकता नम्बर र जारी मिति भएको कुनै प्रमाण ल्याउनु भन्नुहुन्छ, तर मसँग न नागरिकताको फोटोकपी छ, न त नागरिकताको नम्बर र जारी मिति नै थाहा छ।" त्यसैले प्रतिलिपिसमेत बन्न नसकेको रामविलासको गुनासो छ।

नागरिकता भएर पनि पहिचानविहीनको अवस्थामा पुग्दा राज्यका हरेक सेवा तथा सुविधाबाट समेत बञ्चित सदा दम्पतीले अहिलेको पहिचान विहीनताको अवस्थाबाट न्याय दिलाउन सबैसँग आग्रह गर्नुभएको छ।

सदा दम्पतीको समस्यालाई लिएर नागरिकताका लागि आफूहरुले पहल गरिरहेको श्रीपुर्राज सामुदायिक विकास केन्द्रका सहजकर्ता नरेशकुमार सदा बताउनुहुन्छ। द फ्रिडक फण्डको सहयोगमा उक्त केन्द्रले डाक्नेश्वरी नगरपालिका क्षेत्रमा दलित हरुवा चरुवा परिवारका लागि नागरिकता, जन्मदर्ताका लागि अभियान सञ्चालन गर्दै आएको छ।

दलित बस्तीका हरुवा चरुवा परिवारलाई लक्ष गरी व्यक्तिगत घटना दर्तासँगै सशक्तीकरण कार्यक्रम सञ्चालन गर्दै आएको केन्द्रका कार्यक्रम संयोजक शारदा चौधरी बताउनुहुन्छ। त्यही कार्यक्रमअन्तर्गत सदा दम्पतीको नागरिकता समस्या समाधानको पहल भइरहेको कार्यक्रम उहाँको भनाइ छ।

# प्रेस स्वतन्त्रता हननका घटना बढ्दो

काठमाडौं, १८ पुस (रासस)।

पछिल्लो समयमा प्रेस स्वतन्त्रता हननका घटना बढ्दै गएका छन्। तुलानात्मक रूपमा यसवर्ष अघिल्लो वर्षभन्दा प्रेस स्वतन्त्रता हननका घटना बढेको नेपाल पत्रकार महासङ्घले जनाएको छ।

महासङ्घको अभिलेखानुसार सन् २०२० मा ५२ प्रेस स्वतन्त्रता हननका घटना भएका थिए भने सन् २०२१ जनवरी १ देखि डिसेम्बर ३१ बिहान ११:०० बजेसम्म ६२ प्रेस स्वतन्त्रता हननका घटना भएका छन्।

उक्त घटनामा १९० पत्रकार पीडित भएका र चार सञ्चारमाध्यम प्रभावित हुन पुगेको महासचिव रोशन पुरीले जानकारी दिनुभयो। यसवर्ष पत्रकारमाथि ३२ वटा धम्की तथा दुर्व्यवहारका घटना भएको र पेशागत असुरक्षाका १० घटना भएको महासङ्घको अध्ययनले देखाएको छ। त्यसैगरी कब्जा र अवरोधका १० घटना भएका छन् भने पत्रकार आक्रमणका पाँच घटना भएका छन्।

यसैगरी पत्रकार गिरफ्तारीका चार घटना छन् भने नीतिगत बन्देजको एक घटना भएको महासङ्घको अभिलेखमा छ। नेपाल प्रेस युनियनका अध्यक्ष बद्री सिग्देलले संविधानमा व्यवस्था गरिएको पूर्ण प्रेस स्वतन्त्रताको पूर्ण रुपमै कार्यान्वयन गरेको खण्डमा प्रेस स्वतन्त्रता हननका घटनामा कमि आउने धारणा राख्नुभयो।

समग्रमा यस वर्ष पनि समाचारका विषयलाई लिएर वा समाचार सङ्कलनका क्रममा विभिन्न पक्षबाट भएका धम्की, आक्रमण, दुर्व्यवहारलगायतका घटनाबाट पत्रकार तथा सञ्चारमाध्यम पीडित हुन पुगेका छन्। भ्रष्टाचार, अनियमिततालगायतका समाचार लेख्दा वा प्रसारण गर्दा पत्रकार र सञ्चारमाध्यमले यस्तो समस्या बेहोर्नु परेको छ। विभिन्न समूहले गरेको विरोध प्रदर्शनको समाचार सङ्कलनका क्रममा प्रहरीको लाठी प्रहारबाट पत्रकार घाइते हुन पुगेका छन्। यस वर्ष सार्वजनिक कार्यक्रमका समाचार सङ्कलनमा पत्रकारलाई रोक लगाउने कामले निरन्तरता पाएको छ।

संसद, संसदीय समितिका बैठक, मन्त्रीको सपथग्रहण वा विभिन्न राजनीतिक दलका महाधिवेशनलगायतमा पत्रकारलाई समाचार सङ्कलनका क्रममा अवरोध गरिने तथा रोक लगाउने गरिएको छ। प्रेस सेन्टर नेपालका अध्यक्ष विष्णु सापकोटाले निर्माणका क्रममा रहेका आमसञ्चारसँग सम्बन्धित ऐन/कानून, मस्यौदालाई सम्बन्धित निकायको सुझावका आधारमा संशोधन वा परिमार्जन गरी ल्याउनुपर्ने र कार्यान्वयन गर्नुपर्नेमा जोड दिनुभयो।

यसवर्ष सङ्घ, प्रदेश र स्थानीय सरकारबाट प्रेसविरोधी प्रावधानसहितका सञ्चारसम्बन्धी विभिन्न कानुन बनाउने तथा संसद्मा दर्ता गर्ने काम भएका छन्। संविधानले सुनिश्चित गरेको प्रेस तथा अभिव्यक्ति स्वतन्त्ताविरुद्ध रहेका विचाराधीन ती कानूनले नेपालको संविधानले प्रत्याभूत गरेको पूर्ण प्रेस स्वतन्त्रताको व्यवस्थालाई समेत चुनौती थपिदिएको महासङ्घको भनाइ छ।

"कोरोना भाइरसको सङ्क्रमणबाट यस वर्ष पनि पत्रकार प्रभावित भएका छन्, महामारी सुरु भएसँगै अहिलेसम्म २६ पत्रकार तथा सञ्चारकर्मीले ज्यान गुमाएका छन्, त्यसमध्ये सन् २०२१ मा २१ पत्रकार तथा सञ्चारकर्मीको ज्यान गएको छ", महासचिव पुरीले भन्नुभयो।

यता 'फ्रिडम फोरम' नामक संस्थाले तयार पारेको वार्षिक मिडिया प्रतिवेदनअनुसार भने प्रेस स्वतन्त्रता उल्लङ्घनका घटनामा कमी देखाएको छ। सो संस्थाका अनुसार अघिल्लो वर्षको तुलनामा यस वर्ष नेपालमा प्रेस स्वतन्त्रता उल्लङ्घनका घटनामा कमी आएको छ। सन् २०२० मा ९६ प्रेस स्वतन्त्रता उल्लङ्घनका घटना घटेकामा सन् २०२१ मा सो सङ्ख्या ५९ रहेको छ।

त्यसैगरी यस वर्ष कोरोना महामारीको बहानामा पत्रकारको पेशागत सुरक्षा प्रभावित हुन पुगेको छ। एक वर्षको अवधिमा कोरोना भाइरसको बहाना देखाएर विभिन्न सञ्चारगृहबाट ३५० पत्रकारलाई नियमित तलब नदिने, बेतलबी बिदामा राख्ने र जागिरबाट निष्काशन गर्ने काम भएको छ। त्यसमध्ये झण्डै ३०० पत्रकारको समस्या सम्बोधन भएको छ भने ५० पत्रकारको समस्या समाधानका लागि महासङ्घले कानूनी तथा दबाबमूलक पहल गरिरहेको छ।

### राजविराज नगरपालिका ...

अध्यादेशमार्फत स्थापना गरेको प्रदेश कृषि विश्वविद्यालयको भौतिक पूर्वाधार विकासका लागि ३१ करोड रुपैयाँ अनुदान दिन निर्णय गरेको छ। यसअघि राजविराजमा कृषि विश्वविद्यालयको कार्यालय समेत स्थापना भइसकेको छ।

### प्रहरीले गोली ...

गरिएको धनुषा प्रहरीका प्रवक्ता जितेन्द्र बस्नेतले जानकारी दिएका छन्।

बुधबारदेखी जनमत पार्टीका नेता कार्यकर्ताहरुले किसानको माग सम्बोधनका लागि उच्चस्तरिय समिति गठन गर्नलगायतको ११ बुँदे माँग गर्दै राजमार्ग केन्द्रित आन्दोलनको सुरु गरेका हुन्।

पुरानो रोगको उपचारका लागि सम्पर्क गरौं।
होमियोप्याथिक रिसर्च इन्स्टिच्युट
डा. सुशील मोहन दास
(बी.एच.एम.एस)
सिरहा रोड, राजविराज फोन : ०३१-५२१९६८

डा. ललन प्रसाद रौनियार
Dr. Lalan Prasad Rauniyar
MBBS (BPKIHS) Dharan, MD Paediatrics (BPKIHS) Dharan, NMC Reg. No. : 13338
कन्सलटेन्ट बाल रोग विशेषज्ञ
सम्पर्क : कृताञ्जली मेडिकल हँल, राजविराज
Mo. No : 9842830252, 9804605569

डा. रंजना गिरी
Dr. Ranjana Giri
M.B.B.S. MD (Obstetrician and Gynaecologist)
Infertility Specialist (Consultant IVF)
NMC No. : 10635
बरिष्ठ स्त्री तथा प्रसुती रोग विशेषज्ञ
बाझपन, कमजोरी, लिकोरिया, महिलाबारी समस्याको सफल उपचार
सम्पर्क : कृताञ्जली मेडिकल हँल, राजविराज
Mo. No : 9842830252, 9804605569

# पुस मसान्तभित्र सबै नागरिकलाई खोप

काठमाडौँ, १८ पुस (रासस)।

स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालयका सचिव डा रोशन पोखरेलले पुस मसान्तभित्र सबैलाई खोप लगाउन प्राथमिकता राखिएको बताउनुभएको छ। उहाँले पुस मसान्तभित्र खोप लगाउनका सबैलाई आवह्नसमेत गरिने जानकारी दिनुभयो ।

पुस समान्तभित्र सबैलाई खोप लगाउनका लागि प्रत्येक दिन पाँच लाख नागरिकलाई खोप लगाउन सक्ने क्षमता सरकारले विस्तार गरेको र कोरोना भाइरस सङ्क्रमणको तेस्रो लहरको जोखिम पनि बढेकाले सबैलाई खोप लगाइने सचिव डा पोखरेलले बताउनुभयो ।

अहिलेसम्म नेपालको जनसङ्ख्याको ४६दशमलव दुई प्रतिशतले पहिलो मात्रा र ३४ दशमलव दुई प्रतिशतले पूर्णमात्राको खोप लगाइसकेका छन्। बाह्र वर्षदेखि माथिका तीन करोड तीन लाख ७८ हजार ५५ जनालाई खोप लगाउने सरकारको लक्ष्य छ। नेपालमा अहिलेसम्म तीन करोड ९२ लाख तीन हजार ९२७ मात्रा खोप आइसकेको छ।

उहाँका अनुसार कति प्रदेशमा धेरैले खोप लगाइसकेको र केही प्रदेशमा भने कमले खोप लगाएकाले खोप अभियान सञ्चालन गरेर खोप लगाइने छ।

ओमिक्रोन भाइरसबाट बच्नका लागि मास्क, सेनिटाइजर प्रयोग गर्दै भौतिक दुरी कायम गर्ने र खुला ठाउँमा बस्नेजस्ता कार्य गर्नुपर्ने धारणा व्यक्त गर्दै उहाँले सबैलाई कोरोना भाइरस छैन भनेर ढुक्कसँग नबस्न पनि आग्रह गर्नुभयो।

डा पोखरेलले ओमिक्रोन भाइरस चाँडै फैलिने भएकाले रोकथाम र नियन्त्रणका लागि सरकारले तयारी गरिरहेको र यसका लागि भारतीय सीमा नाका र त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थलमा कोरोना भाइरसको परीक्षण दायरा बढाउनुका साथै अस्पालतको क्षमता विस्तार गर्न थालिएको जानकारी दिनुभयो।

"कोभिड-१९ कम भएपछि हामी आरामदायी तरिकाले बसेका थियौँ", उहाँले भन्नुभयो, "अब पहिल्यैकै अवस्था आउन सक्छ भनेर हामीले अस्तालका सघन उपचार कक्ष (आइसियु), हाइडिपेडेन्सी युनिट (एचडियु), भेन्टिलेटर र अक्सिजन अस्पतालमा कुन अवस्थामा रहेका छन् भनेर हेरिरहेका छौँ। तिनलाई पूर्णरुपमा सञ्चालन गर्नका लागि तयारी अवस्थामा राख्नेछौँ।"

**दश दिनभित्र बालबालिकालाई फाइजर खोप**

सचिव डा पोखरेलले आगामी १० दिनभित्र काठमाडौँ उपत्यकासहित आठ जिल्लामा फाइजर खोप बालबालिकालाई लगाइने जानकारी दिनुभयो।

सरकारले यही पुस १३ गतेदेखि फाइजर खोप लगाउने भने पनि अन्तर्राष्ट्रिय बजारमा सिरिन्ज अभाव भएको र आगामी मङ्गलबारसम्म सिरिन्ज नेपाल आइसक्ने जनाएको छ।

**बुस्टर डोज पनि चाँडै**

मन्त्रालयका प्रवक्ता डा सङ्गीता कौशल मिश्रले क्यान्सरका रोगी, अङ्ग प्रत्यारोपण गर्ने, रोग प्रतिरोधात्मक क्षमता कम भएका र एचआइभी सङ्क्रमितलाई, भेरोसेलको दोस्रो मात्रा लगाएका ६० वर्षभन्दा माथिका ज्येष्ठ नागरिकलाई थप एकमात्रा सोही खोप प्रदान जानकारी दिनुभयो। खोप लगाएको तीन महिनापछि जुन खोप लगाइएको हो त्यही नै खोप दिइने उहाँले बताउनुभयो।

# स्वास्थ्यचौकीमा सिटामोल अभाव: बिरामी मर्कामा

सिमकोट, १८ पुस (रासस)।

अत्यावश्यक औषधिमध्येको सिटामोल यतिबेला हुम्लाको सर्केगाड गाउँपालिका-४ स्थित साया स्वास्थ्यचौकीमा पाइँदैन।

नेपाल सरकारले निःशुल्क वितरण गर्ने औषधि अभाव हुँदा बिरामी समस्यामा पर्दै आएका छन्। साया स्वास्थ्यचौकीमा बिरामी उपचारका लागि जाँदा सामान्य सिटामोलसमेत नपाउने गरेको गुनासो गर्न थालेका छन्। मौसमी ज्वरोका कारण गाउँमा अधिकांश बालबालिका र वृद्धवृद्धालाई बढी समस्या बनाएको स्थानीयवासीको गुनासो छ।

स्वास्थ्यचौकीमा औषधि पाइन छाडेपछि सर्केगाडका सर्वसाधारण्लाई सास्ती खेप्नु परेको स्वास्थ्यकर्मीले बताएका छन्। कोरोना भाइरस सङ्क्रमण ( कोभिड १९) का विरामीका लागि पनि अत्यावश्यक औषधि मानिने सिटामोलको अभाव देखिएको छ भने ज्वरोका विरामीहरु औषधि नपाएर घर फर्किनु परेको अवस्था आइपरेको स्वास्थ्यकर्मीको भनाइ छ। स्वास्थ्यचौकीमा उपचार तथा औषधि लिन पुग्दा स्वास्थ्यकर्मीले औषधि छैन भन्दै फिर्ता पठाउने गरेका छन्। सो स्वास्थ्यचौकीमा दैनिक १५ देखि २० जनासम्म बिरामी उपचार गर्न जाने गरेको बताइएको छ।

पछिल्लो समय मौसममा आएको परिवर्तनका कारण सो स्वास्थ्य संस्थामा ज्वरोका बिरामी बढेका छन्।

"केही औषधि पसलहरूले समेत सिटामोल आफ्नो नजिकको ग्राहकलाई दिन स्टक गरी राख्दा उपलब्धतामा थप समस्या देखिएको हो" स्वास्थ्यचौकीका अनमी बिजौरा शाहीले भन्नुभयो। व्यवस्थापनमा सरकारी निकायका कमजारीले देशभर जीवनरक्षक औषधि अभाव रहेको आरोप स्थानीयवासीको छ। "गाउँभरि सिटामोलको अभाव छ। स्वास्थ्य चौकीमा समेत सिटामोल छैन, उहाँले भन्नुभयो।

गाउँपालिकाको दूरदर्शिता नभएकाले यो समस्या आएको स्वास्थ्यकर्मीको आरोप छ। सिटामोल जस्तो अत्यावश्यक औषधि नहुनुमा गाउँपालिकाले समयमै यसतर्फ ध्यान नदिनु मुख्य कारण भएको स्वास्थ्यकर्मीको भनाइ छ।

सो स्वास्थ्यचौकीमा अस्थायी साधनसँग सम्बन्धित पिल्सहरु पनि नभएको अनमी बिजौरा शाहीले बताउनुभयो। यसका साथै सलायन पनि नभएको उहाँको भनाइ छ। प्रायः टाउको दुख्ने, ज्वरो आउने, जिउ दुख्छलगायतका समस्या लिएर स्वास्थ्यचौकीमा आउनेहरु सिटामोल, एमोसिलिनजस्ता औषधि नहुँदा थप समस्या बनाएको शाहीले बताउनुभयो। यस्तै हिउँदको समयमा दमका बिरामी स्वास्थ्यचौकीमा बढी आउने गरेको भए पनि उनीहरुलाई चाहिने आवश्यकपर्ने औषधिसमेत नभएको बताइएको छ।

स्वास्थ्यचौकीका अहेब धर्मराज शाहीका अनुसार, औषधि अभाव हुँदा नागरिकको गाली आफूहरुले खानुपर्ने अवस्था आएको बताउनुभयो। उपचारका लागि आएका बिरामीलाई औषधि छैन् भन्दा जानेबुझेका फिर्ता हुने गरे पनि नबुझेका केहीले गाली गर्नेको उहाँको भनाइ छ।

स्वास्थ्यचौकीमा औषधि अभाव भए पनि आफूहरु नियमित कार्यालयमा आउने गरेको र उपचारका लागि यहाँ आउने बिरामीलाई औषधि छैन भन्दा उनीहरुले रिसाउने र गाली गर्ने गरेको उहाँले बताउनुभयो। औषधि अभाव हुँदा अहिले आफूहरुको काम कार्यालय खोल्ने र बन्द गर्ने काम मात्र भएको उहाँको भनाइ छ।

# पिएम कप प्रदेशस्तरिय छनोट खेलमा पर्सा र सिरहा बिजयी

**दैनिक समाचारदाता**
**राजविराज, १८ पुस।**

राजबिराजमा संचालित प्रधानमन्त्री कप राष्ट्रिय क्रिकेट प्रतियोगिता अन्तर्गत प्रदेश २ स्तरिय क्रिकेट खेलाडी छनोट प्रतियोगिता अन्तर्गत आइतबारको खेलमा पर्सा र सिरहा बिजयी भएका छन।



पर्साले सर्लाहीलाई १ सय ६८ रनको फराकिलो अन्तरले जितेको छ भने सिरहाले बारालाई ४४ रनले पराजित गरेको हो।

राजरंगशाला खेलमैदानमा पर्सा र सर्लाही बिच खेलमा पर्साले टस जितेर निर्धारित ५० ओभरको खेलमा ९ बिकेट गुमाएर ४ सय ४८ रन को विशाल योगफल खडा गरेको थियो। जसमा सुरज पटेलले उत्कृष्ट प्रदर्शन गर्दै १५ चौका र ४ छक्काको मदतले १ सय ४ रन तथा नसरूद्दिन अन्सारीले ५० बलमा ७ चौका र ९ छक्काको सहयोगले १ सय ३ रन बनाएका थिए भने मोहम्मद समीर ३९ र सैफुला अंसारी २२ अविजित रनको पारी खेलेका थिए।

बलिङतर्फ सर्लाहीका सुमन शुक्ला र आशुतोष यादब ३/३ बिकेट तथा विशाल पटेल, सन्दिप खडका, अलि हुसेनले १/१ बिकेट हात पारे।

जवाफमा सर्लाहीले ४२ ओभर १ बलमा सबै बिकेट गुमाई १ सय ८१ रन मै सिमित रहयो। जसमा रंजित यादबले अविजित ५७ रन र सौरब सुमन ३४ रन बनाएपनि जितका लागि सहज भएन।

बलिंङतर्फ पर्साका सैफुला अंन्सारी, सोनु शर्मा र हासिम अंन्सारीले २/२ बिकेट लिएका थिए। खेलको म्यान अफ दि म्याच पर्साका सुरज पटेल घोषित भए।

यसैगरी मबिव खेल मैदानमा सिरहा र बारा बिचको खेलमा सिरहाले टस जितेर ४५ ओभरमा ६ बिकेट गुमाएर २ सय ४६ रनको योगफल खडा गरेको थियो। जसमा शैलेन्द्र साहले उत्कृष्ट ब्याटिंग गर्दै १ सय ८ रन बनाएका थिए भने प्रनव झा ३० र सुमन गतराजले २८ रन जोडे। बलिंङतर्फ बाराका जितेन्द्र यादब र कुमार थापा २/२ बिकेट र भुलावन सहनी १ बिकेट लिए।

जवाफमा बाराले ४१ ओभरमा ९ बिकेट गुमाएर २ सय २ रन मै सिमित रहे भने एक जना ब्याटस म्यान रिटार्यड आउट भएका थिए। बलिंङतर्फ सिरहाका अफरूद्दिन रायन र कुश मण्डल ३/३ बिकेट र रूपेश सिँह २ र सुरेश यादब १/१ बिकेट लिए पछि सिरहाले बारालाई ४४ रनले पराजित गऱ्यो। खेलको म्यान अफ दि म्याच सिरहाका शैलेन्द्र साह घोषित भए।

सोमबारको लिग चरणको अन्तिम खेल अन्तर्गत पर्सा र सिरहा तथा बारा र सर्लाही बिच हुने सप्तरी क्रिकेट सँघका सचिव चन्दनकुमार यादबले जानकारी दिए।

## विश्व समाचार

# अफगानिस्तानमा २००५ पछि सबैभन्दा बढी बालबालिकाको मृत्यु : युनिसेफ

न्यूयोर्क, (अमेरिका), १८ पुस, (रासस-एएनआई)।

अफगानिस्तानमा सन् २००५ यता सबैभन्दा बढी बालबालिकाको मृत्यु भएको प्रमाणित अभिलेख रहेको संयुक्त राष्ट्रसङ्घीय बाल कोष (युनिसेफ) ले बताएको छ। 'निरपेक्षता' र चरम उपेक्षाका कारण बालबालिकाहरू मृत्युको शिकार बनिरहेका छन् । बालबालिकाको सुरक्षाका लागि अब हरेक उपाय अवलम्बन गर्नुपर्नेमा युनिसेफले जोड दिएको छ।

"उदाहरणका लागि, अफगानिस्तानमा २००५ यता प्रमाणित बाल हताहतको सबैभन्दा धेरै सङ्ख्या २८ हजार ५०० भन्दा बढी रहेको छ जुन विश्वव्यापी रूपमा सबै प्रमाणित बाल हताहतहरूको सङ्ख्याको २७ प्रतिशत हो।

यसैबीच, मध्य पूर्व र उत्तर अफ्रिका क्षेत्रमा २००५ यता विद्यालय र अस्पतालहरूमा सबैभन्दा धेरै आक्रमणहरू भएका छन्। गत वर्षको पहिलो छ महिनामा २२ वटा त्यस्ता आक्रमणहरू प्रमाणित भएका छन्, विज्ञप्तिमा उल्लेख गरिएको छ।

युनिसेफका कार्यकारी निर्देशक हेनरिटा फोरले भने, "वर्ष-वर्ष, द्वन्द्वरत पक्षहरूले बालबालिकाको अधिकार र कल्याणका लागि भयानक उपेक्षा प्रदर्शन गरिरहेका छन्।" "बालबालिकाहरू पीडामा छन् र यो लापरबाहीका कारण केटाकेटीहरू मरिरहेका छन्। यी बालबालिकाहरूलाई हानिबाट जोगाउन हर प्रयास गर्नुपर्छ," फोरले भने। युनिसेफले सन् २०२१ को तथ्याङ्क अझै उपलब्ध नभएको भए पनि सन् २०२० मा बालबालिकाविरुद्ध २६ हजार ४२५ गम्भीर मानवीय व्यवहार उल्लङ्घनका घटना संयुक्त राष्ट्रसङ्घले प्रमाणित गरेको जनाएको छ।

"सन् २०२१ को पहिलो तीन महिनामा प्रमाणित गम्भीर उल्लङ्घनहरूको समग्र सङ्ख्यामा थोरै कमी देखिएको थियो तथापि अपहरण र यौन हिंसाका प्रमाणित घटनाहरू अघिल्लो वर्षको पहिलो चौमासिकमा क्रमशः ५० र १० प्रतिशतले वृद्धि भएको देखिएको युनिसेफले जनाएको छ।

# मारिबमा यमनी सेनाको कारबाहीमा ३७ जना हुथी विद्रोही मारिए

साना, १८ पुस (रासस/सिन्ह्वा)।

यमनी सैनिकसँगको भिडन्तका क्रममा यहाँका कम्तीमा पनि ३७ जना हुथी विद्रोही मारिएका छन्। यहाँका विद्रोहीहरुका विरुद्धमा यमनको सेनाले मारिब शहरमा गरेको कारबाहीका क्रममा ती विद्रोही मारिएका हुन्। यहाँको सेनाले प्रायः हवाई हमला गर्ने गरेको थियो। शनिबार भने मारिब शहरको बालक आल शाखरी भन्ने स्थानमा स्थलगत कारबाही नै गरेको थियो। त्यस कारबाहीमा परेर ती विद्रोहीहरु मारिएका हुन्। उक्त शहरमा गस्तीमा रहेका यमनी सैनिकमाथि ती विद्रोहीहरुले आक्रमण गरेका थिए। त्यसपछि दुवैतर्फ भिडन्त भएको बताइएको छ। भिडन्तका क्रममा ३७ जना हुथीहरु मारिएका र अरू केही घाइते भएका बताइएको छ। उता साउदी अरेबिया नेतृत्वको सेनाले सोही शहरमा हवाई कारबाही पनि गरेको छ। सो कारबाहीमा परी दर्जनौँ हुथी विद्रोही मारिएको बताइएको छ। साथै सो सेनाले ठूलो मात्रामा हुथीहरुका आश्रयस्थल पनि ध्वस्त पारिदिएको पनि बताएको छ।

# अपहरणमा परेका २१ बालबालिका प्रहरीद्वारा मुक्त

लागोस, १८ पुस (रासस/सिन्ह्वा)।

नाइजेरियाको प्रहरीले यहाँको दक्षिणी प्रान्त जाम्फाराबाट अपहरणमा परेका २१ बालबालिकाको उद्धार गरेको जनाएको छ। प्राप्त समाचारअनुसार ती बालबालिकालाई नाइजेरियाको विद्रोहीहरुको संस्था बोको हरामका हतियारधारीहरुले अपहरण गरी लगेका थिए। ती बालबालिका अपहरणमा परेको सूचना पाएपछि यहाँको प्रहरीले पिछा गरेको थियो। त्यसलगत्तै उनीहरुलाई भगाउँदै गरेका अवस्थामा प्रहरीले राजमार्गबाट अपहरणमुक्त गराएको हो। शनिबार अपहरणमुक्त गराएपछि प्रहरीले लगत्तै पत्रकार सम्मेलन गरेर सो विषयमा जानकारी दिएको हो।

# रुसद्वारा सन् २०२१ मा १० भन्दा बढी रकेट परीक्षण फायरिङ

मस्को, रुसे, १८ पुस, (रासस-एएनआई/स्पुतनिक)।

रुसको प्यासिफिक फ्लिटले गत वर्ष १० भन्दा बढी रकेट परीक्षण फायरिङ गरेको रुसी पूर्वी सैन्य कार्यालयले जानकारी दिएको छ। प्रवक्ताका अनुसार सन् २०२१ मा प्यासिफिक फ्लिटमा जहाज संरचनाहरूद्वारा १० भन्दा बढी रकेट फायरिङ गरिएको थियो। परीक्षण फायरिङहरूमा रूसको आधुनिक फ्रिगेट मार्शल शापोशिनकोभद्वारा गरिएका दुई अभ्यासहरूसमेत समावेश थिए। गत अप्रिलमा फ्रिगेटले जापानको सागरमा कालिब्र क्रुज मिसाइलको सफल परीक्षण गरेको थियो। त्यसैगरी, डिसेम्बरमा मार्शल शापोस्निकोभले रुसको सबैभन्दा नयाँ एन्टी-सबमरिन कम्प्लेक्स ओटभेटको मिसाइलले जापानको समुद्रमा लक्षित गरी परीक्षण गरिएको थियो।



**ग्लोबल बैंकको १५ औं वार्षिकोत्सव :** ग्लोबल आइएमई बैंक शाखा राजविराजले १५ औं वार्षिकोत्सवको अवसरमा आइतबार शाखमा आएका पहिलो ग्राहक बिबेक ठाकुरलाई बैंकको लोगो भएको कप र चकलेट प्रदान गर्दै शाखा अपरेशन इन्चार्ज सरोज यादव ।

*तस्विर : राजविराज दैनिक*

# मोटरसाइकल एक आपसमा ठोकिदा दुबै चालकको मृत्यु, चार जना घाइते

**दैनिक समाचारदाता राजविराज, १८ पुस ।**

सप्तरीमा शनिबार राती भएको मोटरसाइकल दुर्घटनामा परि दुई जनाको मृत्यु भएको छ भने चार जना घाइते भएका छन् ।

जिल्लाको सप्तकोशी नगरपालिका वडा नं ४ कंचनपुर फत्तेपुर भित्रि सडक खण्डमा को.२२प. १५५८ नं को मोटरसाइकल र को.२२प. १५५८ नं. को मोटरसाइकल एक आपसमा ठोकिदा दुई जनाको मृत्यु भएको हो ।

मृत्यु हुनेहरुमा स.५प. ३११८ नं को मोटरसाइकल चालक सप्तरीको कंचनरुप नगरपालिका ७ निवासी शुभास बस्नेत र को.२२प. १५५८ नं को मोटरसाइकल चालक उदयपुर चौदण्डीगढी नगरपालिका ९ निवासी २८ वर्षिय हरिशंकर चौधरी छन् ।



सोही दुर्घटनामा घाईते भएकाहरु स.५प. ३११८ नं को मोटरसाइकलमा सवार मृतक शुभास बस्नेतकी श्रीमती ३० वर्षिया ममता सापकोटा, निजका छोरा ८ वर्षिय सम्मर बस्नेत र छोरी एक वर्षिया सिम्प्रिका बस्नेत छन् ।

यस्तै को.२२प. १५५८ नं. को मोटरसाइकलमा सवार सप्तकोशी नगरपालिका ९ निवासी ३६ वर्षिय रोहित चौधरी घाइते भएका छन् ।

घाइते भएकामध्ये बस्नेत र चौधरीको बिराटनगरस्थित गोल्डेन अस्पतालमा उपचारका क्रममा मृत्यु भएको तथा चार जनाको सोही अस्पतालमा उपचार भइरहेको जिल्ला प्रहरी कार्यालय सप्तरीले जनाएको छ । यता घटना बारे अनुसन्धान भइरहेको तथा दुवै मोटरसाइकललाई नियन्त्रणमा लिइएको प्रहरीले जनाएको छ ।

# पचास लाख नगदसहित सौर्य एयरलाइन्सका कर्मचारी पक्राउ

काठमाडौं, १८ पुस (रासस) ।

नेपाल प्रहरीले स्रोत नखुलेको रु ५० लाख नगदसहित सौर्य एयरलाइन्सका कर्मचारीलाई पक्राउ गरेको छ ।

प्रहरीको त्रिभुवन विमानस्थल सुरक्षा कार्यालयले स्रोत नखुलेको रु ५० लाख नगदसहित मोरडको विराटनगर महानगरपालिका–४ की ३३ वर्षीया रेशा शाक्य पोखरेललाई शनिबार दिउँसो पक्राउ गरी आइतबार सार्वजनिक गरेको हो । विराटनगरबाट काठमाडौं आउँदै गरेको सौर्य एअरलाइन्सको जहाजमा सोही एयरलाइन्सका विराटनगर स्टेशन इन्चार्ज प्रकाश पौडेलले सुरक्षा जाँचसमेत नगरी झोला राखेको सूचनाका आधारमा काठमाडौंमा जाँचका क्रममा उक्त नगदसहित प्रहरीले पोखरेललाई पक्राउ गरेको हो ।

पोखरेल सौर्य एयरलाइन्समा एसिसटेन्टका रुपमा कार्यरत रहेको अनुसन्धानबाट खुलेको छ । प्रहरीले उनीसँग एक हजारका दरले चार हजार ९०० थान र पाँच सयका दरका १०० थान गरी रु ५० लाख नगद बरामद गरेको हो । बरामद रकमसहित पोखरेललाई आवश्यक अनुसन्धान तथा कारबाहीका लागि राजश्व अनुसन्धान विभाग हरिहरभवन पठाइएको विमानस्थल प्रहरीले जनाएको छ ।

# जनमत पार्टी सप्तरीका ६ नेतालाई शान्ति बिरुद्धको कसुर मुद्दामा सात दिने म्याद थप

**दैनिक समाचारदाता राजविराज, १८ पुस ।**

जनमत पार्टी सप्तरीका अध्यक्ष, सचिव लगायत ६ जना नेताबिरुद्ध सार्वजनिक शान्तिबिरुद्धको कसुर मुद्दामा सात दिने म्याद थप गरिएको छ ।

किसानहरुको माग सम्बोधन गर्न भन्दै सिके राउत नेतृत्वको जनमत पार्टीले गरेको राजमार्ग अवरुद्ध आन्दोलनका क्रममा सप्तरीबाट पक्राउ परेको १४ जना मध्ये ६ जनालाई प्रहरीले जिल्ला अदालतबाट सार्वजनिक शान्ति बिरुद्धको कसुरमा ७ दिने म्याद थप गरिएको हो ।

गत शुक्रबार जिल्लाको भारदह, कंचनपुर लगायतका स्थानबाट पक्राउ परेका जनमत पार्टीका जिल्ला अध्यक्ष चन्देश्वर मण्डल, सचिव थानेश्वर प्रसाद साह, कंचनरुप नगरपालिकाका अध्यक्ष अनिल पञ्जियार, हनुमाननगर कंकालिनी नगरपालिका वडा नं. १ अध्यक्ष सुरेन्द्र मण्डल, नेता योगानन्द साह र महिनारायण साहलाई सो मुद्दामा सात दिने म्याद थप गरिएको सप्तरी प्रहरीका प्रवक्ता एवं डीएसपी माधव प्रसाद काफ्लेले जानकारी दिए ।

बुधबारदेखी जनमतका नेता कार्यकर्ताहरुले किसानको माग सम्बोधनका लागि उच्चस्तरिय समिति गठन गर्नलगायतको ११ बुँदे माँग गर्दै राजमार्ग केन्द्रित आन्दोलनको थालनी गरेका हुन् ।

किसानहरुका लागि मलखाद र बिउको व्यवस्था, सिंचाईको व्यवस्था, निशुल्क बिजुली, हावाहुरी र वर्षाले भएको बालिनालीको क्षति वापत राहत, बालीको उचित समर्थन मुल्य निर्धारण तथा उखु किसानको भुक्तानी गर्न पार्टीले माग गरेको छ ।

यस्तै किसानका लागि कार्डको व्यवस्था, पेन्सनको व्यवस्था, बालिनालीको बिमा, तथा किसानहरुमाथी गरिएको दमन, झुठा मुद्दा खारेज लगायत आन्दोलनका क्रममा पक्राउ परेकाहरुको रिहाईको माग समेत गरेको छ ।

# गुणस्तरहीन मल आयात गरेको आरोपमा १० जनाविरुद्ध भ्रष्टाचार मुद्दा दायर

**दैनिक समाचारदाता काठमाडौं, १८ पुस ।**

गुणस्तरहीन रासायनिक मल आयात गरेको आरोपमा अख्तियार दुरुपयोग अनुसन्धान आयोगले कृषि सामग्री कम्पनीका प्रबन्ध सञ्चालकसहित १० जनाविरुद्ध भ्रष्टाचार मुद्दा दायर गरेको छ ।

मल आयात गर्ने कृषि सामग्री कम्पनी, मल परीक्षण गर्ने नेपाल इन्भारमेन्टल एण्ड साइन्टिफिक सर्भिस प्रालि र मल आपूर्ति गर्ने जोशी विज हाउसका प्रतिनिधिविरुद्ध एक अर्ब ५३ लाख रुपैयाँको भ्रष्टाचार मुद्दा दायर गरेको अख्तियारले जनाएको छ ।

कम गुणस्तरको मल आयात गरेको आरोपमा अख्तियारले कृषि तथा पशुपन्छी मन्त्रालयको कृषि सामग्री कम्पनीका प्रबन्ध सञ्चालक नेत्रबहादुर भण्डारी, प्रबन्धक विष्णु पोखरेल, सहायक प्रबन्धक दुर्गाप्रसाद पाण्डे, उपप्रबन्धक पुष्करदीप बुढाविरुद्ध भ्रष्टाचार मुद्दा दायर गरेको हो ।

अख्तियारले उनीहरुमाथि गुणस्तरहीन मललाई गुणस्तरीय भनी प्रतिवेदन तयार गर्न लगाई भुक्तानी गरेको आरोप लगाएको छ ।

त्यसैगरी आयात गरेको मल गुणस्तरिय रहेको भनी प्रतिवेदन दिने नेपाल इन्भारमेन्टल एण्ड साइन्टिफिक सर्भिस प्रालिका प्रबन्ध निर्देशक सलिल देवकोटा, ल्याब निर्देशक सुनिलबाबु खत्री, सिनियर सर्भेयर महेन्द्रकुमार डागा र प्रयोगशाला परामर्शदाता भोलानाथ चौधरी र कम्पनीका तर्फबाट सम्झौता गर्ने मनोज आचार्यलाई समेत मुद्दा दायर गरेको हो ।

साथै मल आयात गर्ने जोशी बिज हाउस प्रालिका विनित जोशीविरुद्ध पनि अख्तियारले भ्रष्टाचार मुद्दा दायर गरेको छ । अख्तियारले उक्त कम्पनीलाई भुक्तानी भएको रकमको ९० प्रतिशत हुनेगरी भ्रष्टाचारको आरोपमा बिगो कायम गरेको अनलाइन खबर डटकमले जनाएको छ ।


- जाडो मौसममा सवारी दुर्घटनाको जोखिम बढी हुनसक्छ ।
- सावधानीपूर्वक सवारी साधन चलाऔं ।
- हुस्सु, कुहिरो, शीतलहरको बेला बत्ति बालेरमात्र सवारी साधन चलाऔं ।
- सवारी साधन चलाउँदा मादक पदार्थ सेवन नगरौं ।
- सवारी चालकले मादक पदार्थ सेवन गरेको शंका लागेमा प्रहरीको निःशुल्क टेलिफोन नं १०० र १०३ मा खबर गरौं ।

आफू पनि बचौं, अरुलाई पनि बचाऔं ।

नेपाल सरकार
विज्ञापन बोर्ड

देश विदेशबाट पठाइएको रकम तुरुन्त भुक्तानी लिनका लागि सम्झनुहोस् ।

हाम्रो सेवाहरु →

नेपाल सहकारी संस्था लि.
राजविराज ४, फोन नं. ०३१–५२१०९६

ipay remit · City Express Money Transfer · Best Remit · Prabhu Money Transfer · IME International Money Express · himal remit हिमालरेमिट · CG Money


**प्रकाशक :** नवीनकुमार गुप्ता (९८५२८२०५८४, ९८०३२८३११५), **सम्पादक :** अनिलकुमार अनल (९८४२८३४९१७), **सहसम्पादक :** दीपककुमार गुप्ता (९८४१५१३२९९), **लेआउट :** संजय शेखर, **मुद्रण :** न्यू नवीन प्रेस, राजविराज, फोन : ०३१–५२०७६८ (कार्यालय), **इमेल :** *rajbirajdainik@gmail.com*, **वेबसाइट :** *rajbirajdainik.com.np*